# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखरी), नेपाल, भदौ २६ गते, २०८० साल (अतिरिक्ताङ्क १७

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०५/२६ को बैठकबाट "लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८०" स्वीकृत गर्ने र सो सम्बन्धी सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (पहिलो संशोधन) आदेश, २०८०

विकास समिती ऐन, २०१३ को दफा ३ (क) बमोजिम लुम्बिनी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम **"लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (पहिलो संशोधन) आदेश, २०८०"** रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८० को दफा १२ मा संशोधनः-

लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८० को दफा १२ को खण्ड (ग) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ-

"तर दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको महिला सदस्यको हकमा कुनै विषयमा स्नातक तह उत्तिर्ण गरेको ।"

आज्ञाले

राजेन्द्र थापा

कानून सचिव

**प्रकाशकः**

लुम्बिनी प्रदेश सरकार

गृह मन्त्रालय